नेपाल टेलिकम
(नेपाल दूरसंचार कम्पनी लिमिटेड)
केन्द्रीय कार्यालय
पदपूर्ति समितिको
सूचना नं.४।०७४।७५

प्रथम पटक प्रकाशित मिति २०७४।६।६

## आन्तरिक प्रतियोगिताको सूचना

नेपाल दूरसंचार कम्पनी लिमिटेडमा रिक्त रहेका पदहरुमा पदपूर्ति प्रक्रिया अगाडी बढाउन लोक सेवा आयोगबाट सहमति प्राप्त भए बमोजिम यस कम्पनीमा रिक्त रहेका निम्न लिखित पदहरुमा कर्मचारी विनियमावली २०६१ को विनियम १३, २३ र २९ बमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ३० दिन अर्थात अन्तिम मितिसम्ममा सम्बन्धित सेवा समूहको एक तह मुनिको पदमा ३ बर्ष स्थायी सेवा अवधि पुरा भएका निम्नानुसार योग्यता पुगेका कम्पनीका कर्मचारीहरुले रु.१५/- लिई वितरण गरिने दरखास्त फाराममा आवश्यक विवरण भरी पासपोर्ट साइजको फोटो ३ प्रति फारामको निर्दिष्ट ठाउंमा टांसी आवश्यक प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी १/१ प्रति दरखास्त साथ संलग्न गरी दरखास्त दस्तुर बापत बुझाउनु पर्ने रकम बुझाई सो को रसिद समेत दरखास्त साथ संलग्न गरी यो सूचना गोरखापत्र दैनिकमा प्रकाशित भएको मितिले ३०(तीस) दिन भित्र र दोब्बर दस्तुर तिरी थप ७ (सात) दिन भित्र यस कम्पनीको के.का. पदपूर्ति सचिवालय वा सम्बन्धित क्षे.नि.हरु बिराटनगर, बिरगन्ज, भैरहवा, नेपालगन्ज र अत्तरिया धनगढीमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगेको र म्याद नाघि प्राप्त भएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ ।**

| सि.नं. | बि.नं. | पदको नाम | सेवा समुह | तह | पद संख्या | परीक्षा दस्तुर | आबश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | २५/२०७४/७५ | उप प्रबन्धक (टेलिकम) | प्रा. | ९ | १ | रु.८००/- | सुरु प्रबेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता । |
| २ | २६/२०७४/७५ | बरिष्ठ इन्जिनियर (टेलिकम) | प्रा. | ८ | १ | रु.८००/- | सुरु प्रबेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता । |
| ३ | २७/२०७४/७५ | व्यापार अधिकृत | प्र. | ७ | १ | रु.७००/- | सुरु प्रबेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता । |
| ४ | २८/२०७४/७५ | लेखा अधिकृत | प्र.ले. | ७ | १ | रु.७००/- | सुरु प्रबेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता । |
| ५ | २९/२०७४/७५ | प्रशासकिय अधिकृत | प्र. | ७ | १ | रु.७००/- | सुरु प्रबेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता । |
| ६ | ३०/२०७४/७५ | सहायक प्राविधिक अधिकृत(निर्माण तथा मर्मत) | प्रा. | ६ | १ | रु.७००/- | मान्यता प्राप्त शिक्षण संस्थावाट आई.ई., डिप्लोमा ईन्जिनियरिङ्ग, आई.एस.सी. वा अन्य संकाय(विषय)मा प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको । |
| ७ | ३१/२०७४/७५ | बरिष्ठ सहायक | प्र. | ५ | १ | रु.५००/- | मान्यता प्राप्त शिक्षण संस्थावाट प्रमापत्र तह उतिर्ण गरेको । |
| ८ | ३२/२०७४/७५ | टेक्निसियन (टेलिकम) | प्रा. | ४ | ६ | रु.५००/- | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण भई तह १, २ वा ३ को पदमा ३ बर्ष स्थाई सेवा अवधि पुरा गरेका । |

**१. परीक्षाको किसिमः लिखित तथा अन्तर्वार्ता ।**
**२. परीक्षा कार्यक्रम पछि प्रकाशित गरिने छ ।**

सचिव
पदपूर्ति समिति